NWEDC
NEPAL WATER & ENERGY
DEVELOPMENT COMPANY

Nepal Water & Energy Development Company Pvt. Ltd.
5th Floor, LS Building, Thapathali
Kathmandu, Nepal
Tel: 014522775 | 014512229 | CRO Regd. No. 18522/058/059
Fax: 014522775 | Email: admin@nwedc.com.np

# एनडब्लुइडिसी (NWEDC) का ठेकेदार कम्पनीहरूले यसै साता राहत प्याकेज घोषणा गर्ने

काठमाडौं, ६ सेप्टेम्बर

माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजना (UT–1, 216 MW) मा कार्यरत तीनवटै कम्पनीले २०८३ भदौ १० गते आएको अभूतपूर्व बाढीबाट प्रभावित कामदार तथा कर्मचारी परिवारका लागि आधारभूत जीवनयापनमा सहयोग पुग्ने राहत प्याकेज तयार गरिरहेका छन् ।

राहत प्याकेज तत्काल घोषणा गर्न केही ढिलाइ भएको थियो । एनडब्लुइडिसी सहित ठेक्केदार कम्पनीहरूले विपद्पछि जारी खोज तथा उद्धार कार्यमा सुरक्षा निकायलाई प्राथमिकताका साथ आवश्यक सहयोग र समन्वय गर्दै आएका कारण घोषणा प्रक्रिया केही पर सरेको हो ।

यस क्रममा प्रभावित कामदार, तिनका परिवारजन र सम्पूर्ण सरोकारवालाले भोगेको कष्ट तथा अन्यौलप्रति कम्पनीहरू पूर्ण संवेदनशील रहेका छन् ।

भदौ २० गते शनिबार माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाका आयोजनास्थलमध्ये एक स्थलबाट एक जना चिनीया कामदारको उद्धार भएपछि नेपाल वाटर एन्ड इलेक्ट्रिसिटी डेभलपमेन्ट कम्पनी (NWEDC) ले भग्नावशेषमा अझै फसिरहेका सम्भावित व्यक्तिहरूको यथाशिघ्र उद्धार गर्ने उद्देश्यले सुरक्षा निकायलाई आफ्नो सहयोग थप सुदृढ गरिरहेको छ ।

एनडब्लुइडिसी (NWEDC) ले बाढी आएको समयमा आयोजनाका विभिन्न स्थलमा कार्यरत रहेका व्यक्तिहरूको सूची तयार गरिरहेको छ । कामदार तथा कर्मचारीहरूको अवस्थाबारे यकिन जानकारी प्राप्त भएपछि सबै परिवारलाई जानकारी गराइनेछ ।

बाढी आएको समयमा आयोजनास्थलहरूमा इन्जिनियरिङ, खरिद तथा निर्माण (इपिसी-EPC) ठेकेदार दुसान एनरबिलिटि र दुईवटा सब-कन्ट्र्याक्टर (पावर कन्स्ट्रक्सन कोरपोरेसन चाइना र एन्ड्रीच हाइड्रो) सहित करिब एक हजार चार सय ३३ जना कामदार कार्यरत थिए । शनिबारसम्म आठ सय ७६ जना कामदार तथा कर्मचारीको उद्धार भइसकेको छ भने पाँच सय ५७ जना अझै सम्पर्कविहीन छन् ।

जारी खोज तथा उद्धार कार्यमा सहयोग गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौं । बाढीबाट प्रभावित सबैप्रति हाम्रो गहिरो सहानुभूति छ । हामी यस विपत्तिमा ज्यान गुमाएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

इपिसीका ठेकेदार (दुसान एनरबिलिटि) तथा सब-कन्ट्र्याक्टरहरूले (पावर कन्स्ट्रक्सन कोरपोरेसन चाइना र एन्ड्रीच हाइड्रो) पनि आफ्ना कामदार तथा कर्मचारीहरूको अवस्थाबारे यथार्थ जानकारी प्राप्त गर्न हरसम्भव प्रयास गरिरहेका छन् र यो नै अहिले उनीहरू सबैको पहिलो प्राथमिकता हो । विभिन्न स्रोत तथा सरकारी निकायलगायतबाट प्राप्त सूचनाहरूको आधिकारिक पुष्टि भइसकेपछि कम्पनीहरूले सम्बन्धित परिवारलाई जानकारी गराउनेछन् ।

एनडब्लुइडिसीले परिस्थितिको नजिकबाट निरन्तर अनुगमन गरिरहनेछ र आफ्ना कामदार तथा कर्मचारीहरूको अवस्थाबारे अद्यावधिक जानकारी आफ्नो वेबसाइट https://nwedcpl.com/ मार्फत नियमित सार्वजनिक गर्नेछ ।